# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चोरमारा, नवलपरासी (ब.सु.पू.), गण्डकी प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०६।२८

नेपाल सरकार राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुरको मिति २०७५।०६।४ को च.नं.१०१ को सहमति पत्र, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, यस नगर कार्यपालिकाको मिति २०७५।०६।२२ को निर्णयानुसार देहायका शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व.०७५/७६ को बाँकी अवधिको लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका "घ" वर्गसम्मका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | अवस्थिती | | | संकलन उत्खनन गर्नुपर्ने अधिकतम परिमाण जम्मा घन मिटर | बिक्री दर रु. (मु.अ.कर समेत) | जम्मा न्यूनतम अंक रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| गिरुवारीखोला स्वीकृत वातावरणिय प्रतिवेदन IEE, मा उल्लेखित ३ क्षेत्रहरुबाट नदिजन्य निर्माण सामाग्री (उत्पादन तथा विक्री कर) | | नदी किनार | तल्लो विन्दु | माथिल्लो विन्दु | | | | |
| MBMRBM/ 04/075/076 | **बसन्तपुर खण्ड** पाईप लाईन दैखि ३०० मिटर छोडेर | नदी किनार | २७.६५९३४८° N ८४.०१६६५५° E | २७.६६६०५५° N ८४.०२६६८° E | ४७७५०.०० | १६०/- | ७६,४०,०००/- | ३०००/- |
| MBMRBM/ 05/075/076 | **अम्रसा खण्ड** | | २७.६४२४१७° N ८४.००१८३३° E | २७.६४५७८८° N ८४.००२५९७° E | २७९१०.०० | १६०/- | ४४,६५,६००/- | ३०००/- |
| MBMRBM/ 06/075/076 | **प्रसौनी खण्ड १** | | २७.५८१४५६° N ८४.००३४०१° E | २७.५८३२५०° N ८४.०००४१११° E | १६४१६.०० | १६०/- | २६,२६,५६०/- | ३०००/- |
| MBMRBM/ 07/075/076 | **प्रसौनी खण्ड २** | | २७.५७५०९३° N ८४.०००६९०° E | २७.५८०६२६° N ८४.००३२४१° E | ४४८३४.०० | १६०/- | ७१,७३,४४०/- | ३०००/- |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. उपरोक्त ठेक्काको लागि २०७५, कार्तिक २६ गते कार्यालय समयसम्म बोलपत्र खरिद गर्न सकिने छ, साथै २०७५, कार्तिक २७ गते दिनको १२:०० बजे सम्म पर्न आएका बोलपत्रहरु सोही दिनको २:०० बजे फर्मको प्रोप्राईटर वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । प्रोप्राईटर वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहवरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

२. ठेक्का अवधि २०७६ साल जेठ मसान्तसम्म रहनेछ । ठेक्का सम्झौता अवधिभर बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन ।

३. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अङ्को थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी वापत कबोल गरेको अङ्को ५ प्रतिशत रकम यस कार्यालयको कावासोती स्थित रा.वा. बैंकमा रहेको बैंक खाता नं. ३२००३०३००७१०३ मा नगद दाखिला गरेको सक्कल भौचर बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजश्व शाखामा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा मध्यबिन्दु नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. बोलपत्रमा कबोल रकम अङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।

१०. नदिजन्य पदार्थ निकासी गर्ने बाटो मर्मत ठेक्का कबोल गर्ने फर्मको प्रोप्राईटर स्वयंले गर्नुपर्नेछ र खर्च दावी गर्न पाइने छैन । खोलाको दायाँबायाँ रहेको कुलो, नहर, तटबन्धको ५० मिटर भित्र उत्खनन् गर्न पाइने छैन ।

११. E-Bidding गर्न चाहनुहुने बोलपत्र दाताहरुले PPMO'S E-GP System को www.bolpatra.gov.np/egp बाट पेश गर्न सकिने छ । सो कार्य गर्नको लागि यस कार्यालयको कावासोती स्थित रा.बा.बैंकमा रहेको खाता नं. ३२००३०४०१८१०३ मा बोलपत्र दस्तुर जम्मा भएको हुनुपर्ने छ ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१३. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून र नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत
मध्यविन्दु नगर कार्यपालिकाको कार्यालय